नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग
(प्रेस रजिष्ट्रेसन शाखा)

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२

www.doinepal.gov.np
pressdoi8@gmail.com
press@doinepal.gov.np

तिलगंगा, काठमाडौं

प.सं. : २०७३/७४
च.नं. १८८६

मिति: २०७४/०३/०७

श्री सम्पादकज्यू,
सबै सञ्चार माध्यमहरु ।

**आ.व. ०७४/७५ को दरबन्दी विवरण तथा श्रमजीवीको विवरण पठाउने सम्बन्धी**

**अत्यन्त जरुरी सूचना**

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ बमोजिम प्रत्येक सञ्चार प्रतिष्ठानले आफ्ना प्रतिष्ठानमा रहेका दरबन्दीको तहगत विवरण तथा श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार, सूचना विभाग समक्ष पठाउनुपर्ने व्यवस्था गरेको छ ।

यसै सन्दर्भमा आ.व. २०७४/७५ को लागि सञ्चार प्रतिष्ठानमा (पत्रपत्रिका, टेलिभिजन, एफ.एम. रेडियो र अनलाइन आदि) स्वीकृत दरबन्दी, श्रमजीवी पत्रकार तथा कर्मचारी कामदारहरुको विवरण नमूना फारम ३ (दरबन्दी विवरण) तथा नमुना फारम ४ (अध्यक्ष/प्रकाशक र श्रमजीवी पत्रकार, कर्मचारी कामदारको विवरण) भरी २०७४ असार मसान्तभित्र श्रमजीवी पत्रकारसम्बन्धी ऐन तथा नियमावली बमोजिम बुझाउनुहुन अनुरोध छ । साथै उक्त विवरणहरू सम्बन्धित सञ्चार केन्द्रहरुमा समेत बुझाउन सकिनेछ ।

*पुनश्च:*

- **आ.व. २०७४/७५ का लागि विभागमा बुझाउने दरबन्दी र श्रमजीवी विवरणको सफ्टकपी समेत Email लगायत अन्य कुनै माध्यमबाट अनिवार्यरुपमा बुझाउनुपर्नेछ ।**
- **हस्तलिखित र तोकिएको ढाँचाभन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।**
- **२०७४/७५ का लागि निर्धारण गरिएको दरबन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ ।**
- **नमुना फारमहरु यस विभागको वेवसाइट www.doinepal.gov.np/downloads बाट प्राप्त गर्न सकिनेछ ।**

२०७४।३।६

(रुपा वि.क.)
**शाखा अधिकृत**

**बोधार्थ:**
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरबार काठमाडौं ।

**बोधार्थ तथा कार्यार्थ:**
श्री सञ्चार केन्द्र, विराटनगर, हेटौंडा, पोखरा, नेपालगञ्ज, धनगढी : तहाँ सञ्चारकेन्द्र अन्तर्गत रहेका सञ्चार प्रतिष्ठानलाई जानकारी गराई आ.व. ०७४/७५ का लागि श्रमजीवी दरबन्दी विवरण (**सफ्ट कपी अनिवार्यरुपमा**) संकलन गर्नुहुन ।

## नमुना–१ (नियुक्ति पत्रको ढाँचा)

……………………….**सञ्चारगृह / कम्पनी / संस्थाको नाम ठेगाना**

पत्र संख्या :
चलानी नं:

मिति : २०७४। । ।

**विषय : नियुक्ति–पत्र**

श्री…………………………………
……………………………………।

महाशय,

तपाईको निवेदन र योग्यताको आधारमा मिति २०७ । । को निर्णय अनुसार तपाईलाई यस सञ्चार गृह/ कम्पनी/ संस्था सञ्चालन गरेको…………………………………………… (मिडिया) मा श्रमजीवी पत्रकार सम्बन्धी ऐन २०५१ ( संशोधन सहितको) को दफा ३ (क) बमोजिम देहायका शर्तमा यो नियुक्ति पत्र दिइएको छ । प्रचलित ऐन, नियम र यस संस्थाको विनियम बमोजिम संस्थाको हित र प्रवर्द्धनमा तपाईंको सहयोग रहने विश्वास गरिएको छ ।

१. पद :
२. नियुक्तिको किसिम : स्थायी/अस्थायी/करार/आंशिक
३ परिक्षणकाल…………(स्थायी नियुक्तिको हकमा ६ महिना परिक्षणकाल रहने)
४ अवधि………(अस्थायी, करार, आंशिकको हकमा नियुक्ति अवधि खुलेको हुनु पर्ने)
५. मासिक पारिश्रमिक रु…………….(अक्षरुपी : ……………………)
६. काम गर्ने समय :
७. कार्यक्षेत्र :
८. अन्य सुविधा तथा शर्तहरु :

(क) …………………………………
(ख) …………………………………

आधिकारिक हस्ताक्षर

**बोधार्थ:**
श्री प्रेस रजिष्ट्रारको कार्यालय,
सूचना विभाग, काठमाडौं ।

➢ करारमा काम गर्नेको हकमा नियुक्ति पत्रको नमूनामा रहेको विवरण उल्लेख गरिएको करार सम्झौता पत्र ।

*(सम्बन्धित संस्थाले काम, कर्तव्य र अधिकारबारे ऐन र नियमसँग नबाझिने गरी शर्तहरु तोक्न सक्नेछ)*

नमूना

**नमुना–२** (सञ्चार प्रतिष्ठानले सिफारिस गरी पठाउने ढाँचा)

**..........................सञ्चारगृह / कम्पनी / संस्थाको नाम**

**ठेगाना**

पत्र संख्या :
चलानी नं:

मिति : २०७४। । ।

**विषय : <u>–प्रेस प्रतिनिधि प्रमाणपत्र/पत्रकार परिचयपत्र उपलब्ध/ नविकरण/प्रतिलिपि/संस्था परिवर्तन सम्बन्धमा।</u>**

श्री महानिर्देशकज्यू
सूचना विभाग।

उपर्युक्त विषयमा यस सञ्चार प्रतिष्ठानका स्थायी/अस्थायी/करार नियुक्त भई कार्यरत सम्पादक/प्रेस प्रतिनिधि श्री ..................................... लाई समाचार संकलनार्थ प्रेस प्रतिनिधि प्रमाणपत्र/पत्रकार परिचयपत्र उपलब्ध/नविकरण/प्रतिलिपि/ संस्था परिवर्तनको व्यवस्था हुन सिफारिस गर्दछु।

साथै स्थायी/अस्थायी/करारमा नियुक्त निजको मासिक पारिश्रमिक रु............................( अक्षेरुपी:...................मात्र) रहेको व्यहोरा समेत अनुरोध छ।

नमूना

आधिकारिक हस्ताक्षर

**थप जानकारी तथा सूचना**

*नोट: प्रेस प्रतिनिधि प्रमाणपत्र जारी/नविकरण/प्रतिलिपि/संस्था परिवर्तनका लागि आवश्यक कागजात सहित निवेदक स्वयं अनिवार्य उपस्थित हुनुपर्नेछ।*

*पुनश्च: दरखास्त फाराम एवं उल्लेखित नमूनाहरु सूचना विभागको वेभसाइट www.doinepal.gov.np/downloads बाट प्राप्त गर्न सकिने छ।*

**नमुना–३** (दरबन्दी विवरण पठाउने ढाँचा)

……………………….**सञ्चारगृह / कम्पनी / संस्थाको नाम**

**ठेगाना**

पत्र संख्या :
चलानी नं.

मिति : २०७४। । ।

**विषय : – <u>दरबन्दी विवरण (आ.व. २०७४/७५)</u>**

श्री महानिर्देशकज्यू
सूचना विभाग

उपर्युक्त विषयमा यस सञ्चार प्रतिष्ठानमा आ.व. २०७४/७५ समेतका लागि कायम रहेको श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको स्वीकृत दरबन्दी एवं पारिश्रमिकको विवरण देहाय बमोजिम उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध छ।

| क्र.सं. | पद | तह/श्रेणी | स्वीकृत दरबन्दी | | | | मासिक तलब/पारिश्रमिक (शुरु स्केल) रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | | स्थायी संख्या | अस्थायी संख्या | करार | कुल दरबन्दी संख्या | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |

आधिकारिक हस्ताक्षर

*(द्रष्टव्यः जस्तै कुनै सञ्चार गृहको स्वीकृत कुल दरबन्दी संख्या १० रहेछ भने सो मध्ये ५ स्थायी, ५ अस्थायी, १ करार हुनसक्छ ।)*

- *आ.व. ०७४/७५ भरका लागि निर्धारण गरी पठाइएको दरबन्दी विवरण सो आर्थिक वर्षभरी मान्य हुनेछ । सो विवरणमा पछि संशोधन गर्न सकिने छैन ।*
- *कुल दरबन्दीको १५ प्रतिशतभन्दा बढी करार सेवामा राख्न पाइने छैन ।*

नमूना

**नमुना–४** **(अध्यक्ष, प्रकाशक र श्रमजीवी पत्रकार, कर्मचारी कामदारको विवरण पठाउने ढाँचा)**

……………………..**सञ्चारगृह / कम्पनी / संस्थाको नाम**

**ठेगाना**

पत्र संख्या :
चलानी न.

मिति : २०७४। । ।

**विषय : अध्यक्ष/ प्रकाशक र श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको विवरण** (आ.व. ०७४/७५)

श्री महानिर्देशकज्यू
सूचना विभाग ।

उपर्युक्त विषयमा यस सञ्चार प्रतिष्ठानमा **अध्यक्ष/प्रकाशक** कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी र कामदारको विवरण देहाय बमोजिम उल्लेख गरी पठाइएको व्यहोरा अनुरोध छ ।

**अध्यक्ष/प्रकाशकको नाम :**

| सि.नं. | श्रमजीवी पत्रकार, कर्मचारी कामदारको **नामथर** | पद | स्थायी/ अस्थायी/ करार | मासिक तलब/ पारिश्रमिक रु. | काम कर्तव्य अधिकार | कैफियत (क),(ख), (ग) स्ट्रिञ्जर |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| | | | | | | |

आधिकारिक हस्ताक्षर

*(द्रष्टव्य : श्रमजीवी वर्ग पहिचानका लागि श्रमजीवी पत्रकार भए 'क', श्रमजीवी कर्मचारी (प्रशासकीय, व्यवस्थापकीय, प्राविधिक वा अन्य) भए 'ख', श्रमजीवी कामदार भए (श्रमजीवी पत्रकार वा कर्मचारी बाहेक) भए 'ग' स्ट्रिञ्जरको कार्य गरिरहेको भए 'स्ट्रिञ्जर' आदि कैफियत महलमा संकेत उल्लेख गरिदिनुहुन ।)*

श्री महानिर्देशकज्यू
सूचना विभाग ।

मिति :

**विषय : संस्था परिवर्तन गरी पाऊँ ।**

महोदय,

उपर्युक्त विषयमा यस विभागबाट प्रेस प्रतिनिधि प्रमाणपत्र (नं. ..................) प्राप्त गरी नियमितरुपमा........................................................मा कार्यरत रहँदै आएकोमा हाल .................................. मा कार्यरत रहेकोले मेरो प्रेस प्रतिनिधि प्रमाणपत्रमा संस्था परिवर्तनका लागि रु. १०।- को टिकट टाँस गरी अनुरोध गर्दछु ।

**संलग्न कागजातहरुः**

१. सम्बन्धित संस्थाको सिफारिस पत्र ।
२. नियुक्तिपत्रको प्रतिलिपि ।
(विभागमा प्राप्त श्रमजीवी विवरणमा नाम उल्लेख भएको हुनुपर्दछ ।)
(नियमानुसार दस्तुर रु. १००।-

निवेदकको सही :

नाम :
ठेगाना :
प्रमाणपत्र नं. :

---

**सूचना विभागको प्रयोजनका लागि**

श्रीमान्,

निवेदक........................................................बाट हाल ......................................................मा कार्यरत रहेकोले संस्था परिवर्तन गरी पाउँ भनी आवश्यक कागजात सहित निवेदन दिनुभएकोले निजको प्रेस प्रतिनिधि प्रमाणपत्र (नं. .................) मा संस्था परिवर्तन गर्ने सम्बन्धमा निर्णयार्थ पेश गर्दछु ।

पेश गर्ने : सिफारिश गर्ने : सदर गर्ने :

श्री महानिर्देशकज्यू
सूचना विभाग ।

मिति :

**<u>विषय : प्रतिलिपि पाऊँ ।</u>**

महोदय,

उपर्युक्त विषयमा यस विभागबाट मेरो नाममा जारी भएको प्रेस प्रतिनिधि प्रमाणपत्र/पत्रकार परिचयपत्र (नं.................) हराएको/ जलेको/झुत्रो भई नष्ट भएको कारणले नियमानुसार प्रतिलिपि पाउन रु. १०।- को टिकट टाँस गरी अनुरोध गर्दछु ।

**<u>संलग्न कागजातहरुः</u>**

१. सम्बन्धित संस्थाको सिफारिस पत्र ।
२. प्रेस प्रतिनिधि प्रमाण पत्रको प्रतिलिपि माग भएकोमा रु. २००। दस्तुर सहित पत्रकार परिचय पत्रको प्रतिलिपि र सक्कल पत्र ।
३. पत्रकार परिचय पत्रको प्रतिलिपि माग भएकोमा रु. ५०। दस्तुर सहित प्रेस प्रतिनिधि प्रमाण पत्रको प्रतिलिपि र सक्कल पत्र ।
४. प्रेस प्रतिनिधि प्रमाण पत्र र पत्रकार परिचयपत्र दुवैको प्रतिलिपि माग भएकोमा रु. २५०। दस्तुर सहित नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि ।
(नियमानुसार अन्य दस्तुर)

नमूना

निवेदकको सही :

नाम :
ठेगाना :
प्रमाणपत्र नं. :

---

**सूचना विभागको प्रयोजनका लागि**

श्रीमान्,

निवेदकले प्रेस प्रतिनिधि प्रमाणपत्र/पत्रकार परिचय पत्र (नं. ................) को प्रतिलिपि पाउन माथि उल्लेखित कागजातसहित निवेदन दिनुभएकोले प्रतिलिपि दिने सम्बन्धमा निर्णयार्थ पेश गर्दछु ।

पेश गर्ने : सिफारिश गर्ने : सदर गर्ने :